सम्पादकीय

# भूमे साप्ताहिक

वर्ष ७ अङ्क १४ कार्तिक १६ आईतबार

# चिसोबाट बचौं

लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुमपूर्वमा परेको यो वर्षको पहिलो र बाक्लो हिमपातले एकैपटक असुविधा र आशा दुबै ल्याएको छ। सिस्ने, भूमे र पुथा उत्तरगंगाका डाँडाकाँडा सेताम्मे बनेका छन्, तापक्रम तीव्र रूपमा घटेको छ, र दैनिकी प्रभावित भएको छ। तर यही हिउँले सुक्खा जमिनमा चिस्यान भरेको छ, किसानका अनुहारमा मुस्कान ल्याएको छ।

हाम्रो जस्तो हिमाली जिल्लामा भेडी गोठालाहरू, वृद्धवृद्धा र बालबालिकालाई यो कठ्याङ्ग्रिने चिसोले कठिन बनाउने यथार्थ हरेक वर्षको हो। नागरिकको जनजीवन कठिन बन्न थालेको छ। तर अर्कोतर्फ हेर्दा, यही हिमपात कृषकहरूको लागि वरदान सावित भइरहेको छ। पहाडी र भिरालो जमिन भएको खेतबारीमा वर्षाको अभावमा मरुभूमि झैँ बनेका खेतहरूमा अहिले हिउँले जीवनको रस भर्न थालेको छ।
रुकुमपूर्वमा हिउँद प्रायः ‘कष्ट’ सँग जोडिन्छ। बाटो बन्द, चिसोको प्रकोप, र दैनिक जीवनमा ठप्प अवस्था। तर यस वर्षको हिमपातले एउटा नयाँ सन्देश दिएको छ। प्रकृतिसँगको सहअस्तित्व र धैर्य। यहाँका किसानहरूका शब्दमा, “आकाशे पानीकै भरमा खेती गर्ने हामीलाई यो वर्षको हिमपातले आशा दिएको छ।” यद्यपि, स्थानीय निकाय र सम्बन्धित निकायहरूले अब जिम्मेवारीपूर्वक तयारी गर्नुपर्छ। हिमाली क्षेत्रका विद्यालयहरूमा चिसो व्यवस्थापन, वृद्ध र बालबालिकाका लागि स्वास्थ्य सहायता, र पशुधन सुरक्षामा तत्काल ध्यान दिन जरुरी छ।

न्यानो कपडा लाउने गरौं ,तातो घाममा बस्ने र कालो रंङको कपडा लगाईयो भने सुर्यको किरणलाई हाम्रो शरिर पुऱ्याएर न्यानो बनाउने गर्दछ। तातो पानी पिउने बानी गरियो। भने रुघाखोकीबाट बच्न सकिन्छ। विशेष गरेर वृद्धवृद्धा र बालबालिका यो समयमा चिसोले हैरानी बनाउन सक्छ।

**चिसोबाट सबै जना सकजक बनौं सम्पादकीय मण्डल,**



**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

समाचार

वर्ष ७ अङ्क १४ २०८२ कार्तिक १६ आईतबार

# जनप्रतिनिधि र कर्मचारी संयुक्त प्रशिक्षण ,

## *गुणस्तरीय सेवा प्रवाहमा जोड*




❖ ***साप्ताहिक संवाददाता***


भूमे गाउँपालिकामा नेपाल सरकारको संघीय तहअन्तर्गत रहेको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ललितपुर र गाउँपालिकाको सहकार्यमा चारदिने क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ । कार्तिक १३ गतेदेखि १६ गतेसम्म सञ्चालित सो तालिममा गाउँपालिकाका जनप्रतिनिधि तथा सम्पूर्ण कर्मचारीहरूले सहभागीता जनाएका थिए ।गाउँपालिका उपाध्यक्ष सविना बुढामगरले तालिमको समापन गर्दै उपस्थित सबैलाई आ–आफ्नो दायित्व र कर्तव्य इमानदारीपूर्वक पूरा गर्न आग्रह गर्नुभयो। उहाँले सिकाइलाई व्यवहारमा रूपान्तरण गरी नागरिकलाई छिटो र गुणस्तरीय सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो।

गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देबिलाल बिकले वडा स्तरबाट हुने सरकारी सेवामा देखिने साना कमजोरीका कारण नागरिकले असुविधा भोग्न नपरोस् भन्ने उद्देश्यले तालिम आयोजना गरिएको बताउनुभयो। त्यसैगरी, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ललितपुर शाखाका कार्यक्रम संयोजक तथा उप–निर्देशक गजेन्द्र वाग्लेले तालिममा सिकिएका विषयलाई व्यवहारमा उतार्न सके नागरिकमैत्री र जनउत्तरदायी प्रशासन निर्माण हुने बताउनुभयो । उहाँले सार्वजनिक खरिद प्रक्रिया र सेवा प्रवाहका क्षेत्रमा यो तालिमले महत्वपूर्ण टेवा पुऱ्याउने उल्लेख गर्नुभयो।

वडा नम्बर–७ का वडाध्यक्ष संगम रोकामगरले जनप्रतिनिधि र कर्मचारी संयुक्त रूपमा सहभागी भएको

वर्ष ७ अङ्क १४ २०८२ कार्तिक १६ आईतबार

तालिमले स्थानीय विकासलाई फड्को मार्न सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। त्यस्तै, सहभागी मध्येका एक, शिक्षा शाखाका टेकबहादुर बुढाथोकीले तालिम अत्यन्तै उपयोगी भएको बताउँदै आगामी दिनमा यस्ता कार्यक्रम निरन्तर सञ्चालन गर्न सके सरकारी कार्यशैली अझ प्रभावकारी हुने टिप्पणी गर्नुभयो। चार दिनसम्म चलेको तालिममा प्रशासनिक दक्षता, सार्वजनिक खरिद, सेवा प्रवाह र नागरिकसँगको उत्तरदायित्वजस्ता विषयमा व्यवहारिक सत्र सञ्चालन गरिएको थियो।



भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष : ०८२।०८३
सूचना नं. : १६

एकीकृत सेवा प्रवाह घुम्ती शिविर सञ्चालन हुने सम्बन्धी सूचना।
(सूचना प्रकाशित मिति : २०८२/०७/१६ गते)

भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार गाउँपालिकाबाट नागरिकलाई एकीकृत रुपमा सेवा प्रवाह गर्ने उद्देश्यले भूमे गाउँपालिकाको आयोजना र मिक नेपालको समन्वय तथा सहकार्यमा तपसिलको मिति, समय र स्थानमा एकीकृत घुम्ती शिविर सञ्चालन हुने भएकोले उक्त शिविरबाट भरपूर लाभ लिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल :

| मिति | समय र स्थान | प्रवाह गरिने सेवाहरु | कैफियत |
|---|---|---|---|
| २०८२/०७/२३ गते | भूमे गाउँपालिका-७ धर्मशाला | ➢ स्वास्थ्य सेवाहरु जस्तै : महिला रोग विषशज्ञद्वारा निः शुल्क स्वास्थ्य चेकजाँच तथा उपचार र औषधी वितरण, गर्भवती महिलाहरुको भिडियो एक्सरे सेवा, महिलाहरुको पाठेघर क्यान्सरको परीक्षण (VIA) जाँच, आदि।<br>➢ गाउँपालिकाबाट प्रवाह गरिने सबै प्रकारका प्रशासनिक र प्राविधिक सेवाहरु।<br>➢ अन्य सेवाहरु। | |
| २०८२/०७/२४ गते | भूमे गाउँपालिका-८, नं. वडा कार्यालय, पोखरापाटा। | | |

इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np

# भूमे गाउँपालिकाले घुम्ती शिविरमार्फत एकीकृत सेवा प्रवाह गर्दै

❖ *साप्ताहिक संवाददाता*

भूमे गाउँपालिकाले कार्तिक २३ र २४ गते नागरिकका लागि एकीकृत सेवा प्रवाह गर्ने उद्देश्यले **'घुम्ती शिविर'** सञ्चालन गर्ने भएको छ। गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार स्वास्थ्य, सामाजिक तथा प्रशासनिक सेवा एकै ठाउँबाट सहज रूपमा उपलब्ध गराउने उद्देश्यले उक्त शिविर आयोजना गर्न लागिएको हो। गाउँपालिकाले जारी गरेको सूचनाअनुसार कार्तिक २३ गते भूमे गाउँपालिका –७ धर्मशालामा र २४ गते भूमे गाउँपालिका –८ पोखरापाटास्थित वडा कार्यालयमा शिविर सञ्चालन हुने भएको छ। शिविरमा महिला रोग विशेषज्ञबाट निःशुल्क स्वास्थ्य परीक्षण, औषधि वितरण,गर्भवती महिलाका लागि परामर्श सेवा, महिलाको पोथर क्यान्सरको (VIA) परीक्षण लगायतका स्वास्थ्य सेवा उपलब्ध हुनेछन्। साथै गाउँपालिकाबाट प्रदान गरिने विभिन्न प्रशासनिक र प्राविधिक सेवाहरू पनि शिविरमै उपलब्ध गराइने गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देबिलाल बिकले जानकारी दिनुभयो।

गाउँपालिकाले नागरिकलाई सेवाको सहज पहुँच सुनिश्चित गर्नका लागि मिक नेपालसँगको सहकार्यमा यो कार्यक्रम अघि सारेको जनाएको छ।

समाचार

वर्ष ७ अङ्क १४ २०८२ कार्तिक १६ आईतबार

रुकुमपूर्वमा अटो दुर्घटना

# जेठानी–देउरानीको मृत्यु, पाँच घाइते



❖ *साप्ताहिक संवाददाता*

रुकुमपूर्व भूमे गाउँपालिका–१ पञ्चासेमा अटो दुर्घटना हुँदा एकै घरका दुई जनाको मृत्यु भएको छ भने पाँच जना घाइते हुनु भएका छन् । शनिबार साँझ पौने ६ बजेको समयमा रा १ ह ६७९७ नम्बरको अटो लुगुमबाट ब्राहताल जाँदै गर्दा पञ्चासेस्थित मध्यपहाडी लोकमार्गमा दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक (डीएसपी) उमा शङ्करप्रसाद यादवले जानकारी दिनुभयो । मृत्यु हुनेमा भूमे–१ का ३० वर्षीया रेजिना घर्ती र २५ वर्षीया फिसोल्टी भन्ने सबिता घर्ती भएको डीएसपी यादवले बताउनुभयो । मृत्यु हुने जेठानी–देउरानी हुन् । घटनास्थलबाट उद्धार गरी रुकुमपूर्व अस्पतालमा ल्याइ चेकजाँच गर्दा चिकित्सकले उहाँहरुको मृत्यु भइसकेको घोषणा गरेको प्रहरीले जनाएको छ । दुबैको शव पोस्टमार्टमका लागि रुकुमपूर्व अस्पताल रुकुमकोटमा राखिएको । यसैगरी, भूमे–१ का २६ वर्षीया प्रतिक्षा बुढा, बुढाका छोरा ११ महिनाको सुभम बुढा, २५ वर्षीया ब्युटी पुन, पुनका छोरी २ वर्षीया समृद्धि पुन र ३ वर्षीया सक्षम घर्ती घाइते हुनु भएको छ । घाइते पाँच जनाको रुकुमपूर्व अस्पतालबाट उपचार पश्चात् डिस्चार्ज भइसकेको प्रहरीले जनाएको छ । दुर्घटनापछि फरार रहेका अटो चालक भूमे–१ लुगुमका ३० वर्षीय जोते भन्ने जोतिलाल घर्तीलाई आइतबार बिहान प्रहरीले नियन्त्रणमा ल्याएको छ । मध्यपहाडी लोकमार्गदेखि अटो तीन सय मिटर तल खसेको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ रहेको छ ।




# अनुमति बिना ड्रोन उडाउन नपाइने

❖ ***साप्ताहिक संवाददाता***

जिल्ला प्रशासन कार्यालयले अनुमति बिना ड्रोन उडाउन नपाइने चेतावनी जारी गरेको छ । जिल्ला प्रशासनले सूचना जारी गर्दै विभिन्न स्थानमा मानवरहित हवाई उपकरण ड्रोन अनुमति बिना सञ्चालन गर्न नपाइने स्पष्ट पारेको हो।

सूचनामा भनिएको छ, “मानव रहित हवाई उपकरण ड्रोन उडान सम्बन्धी कार्यविधि, २०७५ विपरीत निषेधित वा नियन्त्रित क्षेत्रमा ड्रोन उडाउन वा उडाउन लगाउन पाइँदैन । जिल्ला सुरक्षा समितिको मिति २०८२ कात्तिक ९ गतेको बैठकले ड्रोन सञ्चालन गर्नुपरेमा सो कार्यविधिअनुसार अनुमति लिएर मात्र गर्न सकिने निर्णय गरेको छ ।”

अनुमति नलिई ड्रोन उडाउने व्यक्तिहरूलाई प्रचलित कानुन बमोजिम कारबाही गरिने पनि सूचनामा उल्लेख छ । त्यसैगरी, ड्रोन उडान गर्नुपर्ने भएमा कार्यविधिको दफा १४ (क), (ख) र (ग) अनुसार नजिकैको प्रहरी वा सुरक्षा निकायलाई अनिवार्यरूपमा जानकारी गराएर मात्र उडाउनुपर्ने प्रमुख जिल्ला अधिकारी सीता परियारले बतउनुभयो। “यदि कसैले यस निर्णयको उल्लङ्घन गरेमा कानुनी कारबाही हुने” प्रजिअ परियारले बताउनुभयो । जिल्लाका तीन गाउँमा अनुमति बिना ड्रोन उडाइएको पाइएपछि प्रशासनले यो सूचना सार्वजनिक गरेको हो ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्वी भाग)

फोन नं-०८८ , ४१३०६५
फोन नं-०८८ , ४१३०८३
फोन नं-०८८ , ४१३१३०
ईमेल: daorukumeast76@gmail.com

प.सं. ०८२/०८३(सचिवालय)
च.नं.

मिति :-२०८२/०७/१३

**अनुमति विना ड्रोन उडान कार्य नगर्ने सम्बन्धी जरुरी सूचना !!!**

यस रुकुम (पूर्वी भाग) जिल्ला स्थित विभिन्न स्थानहरुमा मानवरहित हवाई उपकरण(Remotely Piloted Aircraft RPA) DRONE उडान सम्बन्धी कार्यविधि, २०७५ विपरित निषेधित/नियन्त्रित क्षेत्रमा ड्रोन उडान नगर्नु/ नगराउनु हुन तथा जिल्ला सुरक्षा समितिको मिति २०८२/०७/९ गतेको बैठकको निर्णय नं. १३ ***“Drone Operate गर्नुपरेमा मानव रहित हवाई उपरकण ड्रोन उडान सम्बन्धी कार्यविधि, २०७५बमोजिम ड्रोन उडान अनुमति दिने व्यवस्था रहेको र सो बमोजिम उडान अनुमति नलिई ड्रोन उडान गरेको पाइएमा प्रचलित कानून बमोजिम तत्काल कारबाही गर्ने”*** सम्बन्धी निर्णय भएको हुँदा उल्लेखित निर्णय तथा प्रचलित कानूनको पालना गर्दै उडान अनुमति लिनु नपर्ने क्षेत्रमा मानवरहित हवाई उपकरण(Remotely Piloted Aircraft RPA) DRONE उडान सम्बन्धी कार्यविधि, २०७५ को दफा १४(क), (ख) र (ग) बमोजिम नजिकैको प्रहरी वा सुरक्षा निकायलाई अनिवार्य रुपमा जानकारी गराएर मात्र ड्रोन उडान गर्नु भनि यो सूचना प्रकाशन गरिएको छ । यदि कसैले यसको उलङ्घन गरेमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा जानकारी गराईन्छ ।

(सीता परियार)
प्रमुख जिल्ला अधिकारी

“व्यवसायिक र सिर्जनशिल प्रशासनःविकास,समृद्धि र सुशासन”

जीवनशैली

वर्ष ७ अङ्क १४ २०८२ कार्तिक १६ आईतबार

***हिमपातसँगै चिसो तीव्र,***




# खेतीपातीका लागि भने लाभदायक


❖ ***बालाराम शेर्पाली / रुकुमपूर्व***

लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुमपूर्वमा यो वर्षको हिउँदको पहिलो र बाक्लो हिमपात सुरु भएको छ । सोमबार रातिदेखि निरन्तर भएको वर्षा र हिमपातसँगै जिल्लाका उच्च पहाडी तथा लेकाली क्षेत्रका डाँडाकाँडा सेताम्मे बनेका छन् । मौसममा आएको बदलीसँगै सोमबार बिहानैदेखि हिमाली क्षेत्रहरूमा बाक्लो हिउँ जम्न थालेको हो । पुथा उत्तरगंगा, भूमे र सिस्ने गाउँपालिकाका माथिल्ला बस्तीहरूमा हिउँले जनजीवन प्रभावित भएको छ। विशेष गरी सिस्ने गाउँपालिका–१, भूमे गाउँपालिका–१ र पुथा क्षेत्रका डाँडाकाँडामा हिउँले सबै ठाउँ ढाकेको छ। पुथा उत्तरगंगा गाउँपालिका–१० का मैत्या घर्तीमगरका अनुसार, "तकसेरा लगायत समुद्री सतहदेखि चार हजार मिटरभन्दा माथिका बस्तीमा बाक्लो हिउँ परेपछि चिसो तीव्र रूपमा बढेको छ।" त्यस्तै सिस्ने गाउँपालिका–१ का वडाध्यक्ष रजबहादुर बुढामगरले भेडी गोठालाहरूलाई समस्या परेको बताए


।उनका अनुसार सिस्ने हिमालको काखमा रहेको ठुलो सिस्ने गाउँमा तापक्रम एक्कासी घटेपछि स्थानीयवासी दैनिकी प्रभावित भएका छन् ।



हिउँले सिँचाइ सुविधा नभएका हिमाली बस्तीका किसानका लागि भने राहतको काम गरेको छ । भूमे गाउँपालिकाका किसानहरूका अनुसार वर्षा र हिमपातका कारण खेतको माटो भिज्दा अन्नबाली उत्पादनमा सुधार हुने अपेक्षा गरिएको छ । “आकाशे पानीकै भरमा खेती गर्ने हामीलाई यो वर्षको हिमपातले आशा दिएको छ,” । यद्यपि, बाक्लो हिमपातसँगै तापक्रम घट्दा बालबालिका, वृद्धवृद्धा र विद्यालय सञ्चालनमा पनि असर परेको छ । कतिपय विद्यालयले चिसोका कारण कक्षा सञ्चालनमा कठिनाइ भएको जनाएका छन् । हिमाली क्षेत्रहरूमा बाक्लो हिउँ जमेसँगै रुकुमपूर्वका पर्यटकीय स्थलहरू पनि आकर्षक बनेका छन् । सिस्ने र पुथा हिमालसहितका आसपासका क्षेत्रहरूमा हिउँ हेर्न र रमाइलो गर्न आन्तरिक पर्यटक पुग्ने क्रम बढ्ने अनुमान गरिएको छ ।



गत वर्षको हिउँदमा पनि रुकुमपूर्वमा एक पटक हिमपात भएको थियो । तर, यसपटकको हिमपात त्यसभन्दा बाक्लो र दीर्घकालीन हुने देखिएको छ । हिमपातले असुविधा ल्याए पनि कृषकको अनुहारमा भने मुस्कान देखिएको छ ।



# गाउँमा विद्युतीय घट्टको आकर्षण बढ्दै,



## पानी घट्टको अस्तित्व संकटमा

❖ सन्तोष सेतिमहर

लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला रुकुमपूर्वको भूमे गाउँपालिका –८ कोर्जा (नाम्फु) का युवाले स्थापना गरेको "जक्सन घट्ट उद्योग" गाउँमा नयाँ आकर्षणको केन्द्र बनेको छ । पछिल्ला वर्षहरूमा परम्परागत पानी घट्टको प्रयोग घट्दै गएपछि स्थानीयवासी विद्युतीय घट्टतर्फ आकर्षित हुन थालेका छन् ।

गाउँमै पहिलो पटक दर्ता गरी सञ्चालनमा ल्याइएको यो विद्युतीय घट्टमा अहिले दैनिकरूपमा कम्तीमा आठ जनासम्मको भीड हुने गरेको छ। पिठो पिस्नका लागि पहिले टाढासम्म धाउनुपर्ने बाध्यता अब अन्त्य भएको स्थानीयवासीहरू बताउँछन् । स्थानीय कालु रोकाले भने, "पहिले पानी घट्टमा पालो पर्खिँदा बिहानदेखि साझसम्म भोकै बस्नु पर्थ्यो, कहिलेकाहीँ चाखी पिस्नुपर्थ्यो। अहिले गाउँमै सजिलो सुविधा पाएका छौँ," रोकाले खुसी प्रकट गरे।

त्यसैगरी सोही गाउँका अर्का सुकमान रोकाको भन्छन् । "यो घट्टले विशेष गरी साना परिवारलाई राहत दिएको छ। युवा उमेरमै यस्तो उद्यम सुरु गर्दा गाउँका धेरै मानिसहरू उत्साहित भएका छन्।

नजिकका टोलबाट पनि पिठो पिस्न आउनेहरूको संख्या बढ्दै गएको छ ।" ओम रोकाले भने, "युवा जयकृष्ण रोकाले आफ्नै लगानीमा यस्तो उद्योग स्थापना गर्नु प्रशंसनीय काम हो।

सरकारले यस्ता स्थानीय उद्यमीलाई प्रोत्साहनका लागि अनुदानको प्रक्रिया सरल बनाउनेतर्फ ध्यान दिनुपर्छ," भन्दै सुझाव दिए ।

३१ वर्षीय जयकृष्ण रोकाले आफ्नो गाउँको सेवा र आत्मनिर्भरता दुवै लक्ष्य राखेर घट्ट सञ्चालनमा ल्याएका हुन् । उनका अनुसार करिब १ हजार ५ सय जनसंख्या र ४० घरधुरी रहेको गाउँमा पिठो पिस्ने दैनिक माग उच्च रहेको छ। **“घट्टले एक घण्टामा १० पाथीसम्म पिठो पिस्न सक्छ,”** रोकाले बताए।

घट्ट सञ्चालन गर्न करिब ३ लाख रुपैयाँ खर्च भएको र डेढ वर्ष देखि नियमितरूपमा सञ्चालनमा रहेको उनले जानकारी दिए। रोकाले थपे, **“गाउँमा साना कामले पनि जीविकोपार्जन गर्न सकिन्छ भन्ने सन्देश दिन पाएकोमा खुसी छु। यो विद्युतीय घट्टले न केवल मेरो परिवारलाई रोजगारी दिएको छ, गाउँकै जीवनशैली पनि परिवर्तन गरेको छ।”**

एक समय गाउँगाउँमा चहलपहल हुने पानी घट्ट अहिले भने इतिहास बन्दै गइरहेका छन् । मौसम र पानीको मात्रा अनुसार चल्ने ती घट्टहरू अब स्थायी र छरितो सेवा दिने विद्युतीय घट्टले विस्थापित गर्न थालेका छन् ।नाम्फुका बासिन्दाका अनुसार, पानी घट्ट अब बिस्तारै मौन हुँदै गएका छन्, तर गाउँमा बिजुली र उद्यमशील युवाको उत्साहले नयाँ सम्भावना जगाएको ।

भूमे गाउँपालिका–८ कोर्जामा स्थापना गरिएको विद्युतीय घट्टले गाउँको जीवनशैलीमा ठुलो परिवर्तन ल्याएको छ। यसले परम्परागत पानी घट्टलाई विस्थापन गर्दै समय, श्रम र खर्चको बचत गरेको छ।

युवाद्वारा गरिएको यस्तो सानो उद्यमले गाउँमा आत्मनिर्भरता र रोजगारीको सम्भावना देखाएको छ । विद्युतीय प्रविधिको प्रयोगले ग्रामीण क्षेत्रको विकासमा नयाँ दिशा दिएको छ भने, यसले गाउँमा प्रविधि र उद्यमशीलताको चेतना पनि जगाएको छ।

# आमा, हजुरलाई धेरै धेरै धन्यवाद

❖ ***झक्कु पुनमगर स्वास्थ्यकर्मी***

आमा, हजुरलाई धेरै धेरै धन्यवाद।मलाई नौ महिना सम्म आफ्नो कोखमा राखी सकुशल जन्म दिनुभयो । अनि बाबालाई पनि मनदेखि धन्यवाद, किनभने हजुरले मलाई हुर्काएर जन्माउनुभयो भने बाबाले हजुरको राम्रो ख्याल राख्नुभयो।

म पेटमा बसेका पहिलो तीन महिनासम्म हजुरलाई कम्ता गाह्रो भएन होला ! बिहानपख वाकवाकी लाग्ने, वान्ता हुने, रिँगटा आउने, खान मन नलाग्ने, झर्किने जस्ता समस्या हुँदा पनि हजुर स्वास्थ्यकर्मीले बोलाएको समयमा स्वास्थ्य संस्थामा गएर आठ पटक गर्भ जाँच गर्नुभयो।त्यसकै कारण हजुर र म दुबै स्वस्थ रह्यौं।हजुरले टिटानसको खोप लगाउनुभयो, आइरन, क्याल्सियम र जुकाको औषधी लिनुभयो, पौष्टिक खानेकुरा खानुभयो र सरसफाइमा ध्यान दिनुभयो । त्यसैले म सामान्य तौलको स्वस्थ शिशु भएर जन्मिन सकेँ।

आज म यो संसारमा आएको छु, र मेरो खुशी मेरो आँखाबाट देख्न सकिन्छ।भोक लाग्दा वा असजिलो हुँदा रोएर म आफ्ना कुरा बताउँछु । जब म हजुरको पेटमा थिएँ, हजुर खुशी हुँदा म पनि खुशी हुन्थें, हजुर दुःखी हुँदा म पनि दुःखी हुन्थें। कसैले हजुरलाई गाली गरेमा मेरो पनि मन पोल्थ्यो। हजुरले गीत-संगीत सुन्दा, बाबासँग मीठा कुरा गर्दा, घर-परिवारले स्नेह र सहयोग दिंदा म पनि गर्भमै रमाउँथें।

## स्वास्थ्य

वर्ष ७ अङ्क १४ २०८२ कार्तिक १६ आईतबार



तर आमा, जन्माएर मात्रै जिम्मेवारी पूरा हुँदैन। अब मेरो स्वास्थ्यको रक्षा गर्न हजुरले खोपहरू समयमै लगाइदिनु पर्छ।जन्मेपछि तुरुन्तै बीसीजी खोप लगाउनुपर्छ, जसले क्षयरोगबाट बचाउँछ। त्यसपछि म छ हप्ताको हुँदा रोटा, ओपीभी, पिसिभी र डिपीटी खोप लगाउनुपर्छ। जसले झाडापखाला, पोलियो, निमोनिया, लहरे खोकी र धनुष्टङ्कारजस्ता रोगबाट बचाउँछ।

दश हप्तामा पनि यही खोपहरू दोहोर्‍याउनुपर्छ, अनि चौध हप्तामा एफआईपीभी, ओपीभी र डिपीटी खोप लगाउनुपर्छ।नौ महिनाको हुँदा एफआईपीभी,पिसिभी र दादुरा–रुबेला (एमआर) पहिलो मात्रा,एक वर्षमा जापानिज इन्सेफलाइटिस (JE) खोप,र पन्ध्र महिनामा दादुरा–रुबेला दोस्रो मात्रा र टाइफाइडको टीसीभी खोप लगाउनुपर्छ। यी सबै खोपहरू पूरा गरेपछि म पूर्णखोप शिशु बन्छु।

प्रत्येक पटक खोप लगाउँदा स्वास्थ्यकर्मीलाई सोध्नुहोस् — खोपको नाम, उद्देश्य र अर्को मात्रा कहिले भन्ने कुरा। हजुर पढेलेखेको आमा हुनुहुन्छ, त्यसैले आफ्ना बच्चाको स्वास्थ्यमा सधैं चनाखो रहनु होला। अर्को कुरा, मलाई छ महिनासम्म पूर्ण स्तनपान गराउनु होला।यस अवधिमा पानीसमेत नदिनुहोस्। जरुरी परे सफा उमालेको पानी मात्र दिनुहोस्।अन्य खाना वा दूध मेरो पेटले धान्दैन ।संस्कारको नाममा गरिने पास्नी र भोज आदिले म बिरामी पर्न सक्छु, त्यसैले पास्नी म छ महिनापछि गर्नु उपयुक्त हुन्छ। त्यसपछि मलाई थप खाना खुवाउँदै दुई वर्षसम्म स्तनपान गराइराख्नुस् र मेरो तौल तथा वृद्धि नियमित अनुगमन गर्नुस्। अन्तमा, चिसो मौसम सुरु भएको छ, आमा।हजुरले आफ्नो पनि ख्याल राख्नुपर्छ र मेरो पनि। हिउँदमा श्वासप्रश्वासका रोग र गर्मीमा झाडापखालाले म जस्ता बच्चा धेरै प्रभावित हुन्छन्।त्यसैले सधैं सतर्क रहनुहोस्।




### भूमे गाउँपालिका रुकुम पूर्वको सचेतनामुलक सन्देश

**आपतकालीन सुरक्षा र विपद् व्यवस्थापन**

- भूकम्प सुरक्षा अपनाऔं, सुरक्षित बसोबास गरौं।
- बाढीपहिरोबाट बच्न सचेत बनौं, सुरक्षाका उपाय अवलम्बन गरौं।
- अग्नि सुरक्षा अपनाऔं, आगलागीबाट जोगिऔं।
- आपतकालीन अवस्थामा धैर्य राखौं, सुरक्षित स्थानमा रहौं।

**लैंगिक समानता र सामाजिक न्याय**

- महिलाहरू माथि हुने हिंसा अन्त्य गरौं, समान समाज बनाऔं।
- समानता सबैका लागि, विभेदरहित समाज निर्माण गरौं।
- बालविवाह रोकौं, बालबालिकाको भविष्य सुनिश्चित गरौं।
- अपांगता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गरौं।

**स्थानीय कर, कानुन र प्रशासन**

- स्थानीय कर समयमा तिरौं, सेवा सुविधाको उपयोग गरौं।
- सरकारी सेवा प्रवाहलाई पारदर्शी बनाऔं, उत्तरदायी प्रशासन निर्माण गरौं।
- हाम्रो अधिकार र कर्तव्य बुझौं, कानुनको पालना गरौं।
- सुरक्षित यात्रा गरौं, सवारी नियम पालना गरौं।

**स्वास्थ्य र सरसफाइ**

- स्वस्थ जीवनशैली अपनाऔं, सफा र स्वस्थ समुदाय निर्माण गरौं।
- नियमित हात धोऔं, रोगबाट जोगिऔं।
- खोप लगाऔं, रोगप्रतिरोधी शक्ति बढाऔं।
- स्वच्छ खानेपानी प्रयोग गरौं, पानीजन्य रोगहरूबाट बचौं।

**शिक्षा र बालअधिकार**

- शिक्षा सबैका लागि, आधारभूत अधिकारका लागि।
- बालश्रम रोकौं, शिक्षामा लगाऔं।
- छोरीलाई पनि शिक्षा दिऔं, समान अवसर सिर्जना गरौं।
- विद्यालय जान प्रेरित गरौं, शिक्षाको उज्यालो भविष्य निर्माण गरौं।

**वातावरण संरक्षण**

- वृक्षरोपण गरौं, हरियाली प्रवर्द्धन गरौं।
- फोहरलाई वर्गीकरण गरौं, रिसाइकल गर्न सहज बनाऔं।
- नदी, ताल र पोखरी सफा राखौं, वातावरण स्वच्छ बनाऔं।
- प्लास्टिकको प्रयोग कम गरौं, प्राकृतिक स्रोतहरूको संरक्षण गरौं।

वर्ष ७ अङ्क १४ २०८२ कार्तिक १६ आईतबार

# मकै भण्डारण गर्ने अनौठो तरिका



❖ बालाराम शेर्पाली

रुकुमपूर्वका ग्रामीण बासिन्दाले अपनाउने मकै भण्डारणको तरिका केवल परम्परागत मात्रै नभई अत्यन्त प्रभावकारी पनि देखिन्छ । भौगोलिक विकटताका कारण आधुनिक प्रविधिको पहुँच नपुगेका किसानले आफ्ना अन्नबालीलाई सुरक्षित राख्न आफ्नै सीप र ज्ञानमा आधारित मौलिक विधि प्रयोग गर्दै आएका छन् ।

पहेलो माटो र सतो कमिरोले पाटिएका घर, खरको छानो र छतमा झुण्डिएका मकैका धोक्राले सजिएका गाउँहरू कार्तिक महिनाको सुरुवातसँगै झन् आकर्षक देखिन्छन् । भूमे गाउँपालिकाका महत, लुगुम, धर्मशाला, लाबाङ, गुनाम, सिमा लगायतका वडासँगै पुथा उत्तरगंगा र सव गाउँपालिकाका विभिन्न गाउँहरूमा हिउँद लागेपछि हरेक घरमा मकैको थुप्रो झुण्डिएको दृश्य पाइन्छ । किसानहरूले बारीबाट भाँचेर ल्याइएका मकैलाई बासको निङ्लाबाट बनाइएको 'धोक्रा'मा राखेर घाममा सुकाउने गर्छन् । यसरी सुकाउँदा मकै रोग र कीराबाट बच्ने मात्र होइन, ढिडो बनाउनका लागि पनि स्वादिलो हुने उनीहरूको अनुभव छ ।

रुकुमपूर्वका गाउँहरू दुर्गम भए पनि आफ्नै मौलिकता र सौन्दर्यले भरिएका छन् । घर-घरमा झुण्डिएको मकैको दृश्यले गाउँलाई सुनौलो र कलात्मक बनाइदिन्छ। स्थानीय बासिन्दाका अनुसार, यस्ता दृश्यहरूले पहिला दर्जनौं चलचित्रहरूका दृश्यलाई पनि सिंगारिसकेका छन् । तर पछिल्लो समय आधुनिकता र प्रविधिको आकर्षणसँगै युवा पुस्ता परम्परागत सीपप्रति कम उत्साहित देखिन थालेका छन् । यस मौलिक परम्परालाई जोगाउन र प्रवर्द्धन गर्न स्थानीय र नीति निर्माण तह दुवैले ध्यान दिनु जरुरी छ ।मकै भण्डारणको यस्तो प्राकृतिक र सीपमा आधारित उपाय आधुनिक प्रविधिसँग पनि प्रतिस्पर्धा गर्न सक्ने उत्कृष्ट उदाहरण हो । परम्परागत ज्ञानको संरक्षण र वैज्ञानिक परिमार्जनमार्फत यसलाई दीर्घकालीन बनाउनु अहिलेको आवश्यकता हो ।



# सडक दुर्घटना के हो ?




❖ ***वीर बहादुर थापा  प्रहरी सहायक निरीक्षक***

सडक दुर्घटना भन्नाले सवारी साधन, पैदलयात्री, वा अन्य सडक प्रयोगकर्ताबीचको ठक्कर, पल्टिनु, वा असन्तुलनका कारण हुने अनाहक घटनालाई जनाउँछ, जसवाट मानिसको जीवन, शारीरिक अंग वा सम्पत्तिमा पुग्ने क्षतिको सम्भावना हो ।

### सडक दुर्घटनाबारे जानकार हुन किन आवश्यक छ ?

दिन प्रति दिन बढ्दै गईरहेको सवारी दुर्घटनाले मानविय तथा भौतिक क्षतिमा ठूलो असर पुर्याई रहेको छ भन्ने अर्को तर्फ परिवारको भविष्यमा समेत अन्धाकार ल्याइदिएको छ । दिन प्रति सडकमा हुने सडक दुर्घटनाले ब्यक्ति,परिवार, समाज र राष्ट्रमा समेत ठूलो धनजनको क्षति  पुर्याईरहको छ । यस्ता किसिमका भौतिक तथा मानविय क्षतिवाट हुने दुर्घटना वाट सुरक्षित रहनको लागी पनि निम्न कुराहरुमा जानकार रहन आवश्यक छ ।

- **जीवन रक्षा गर्न सकिन्छः-** सुरक्षित सवारी गर्न जान्नाले दुर्घटना घटाउन सकिन्छ ।
- **कानुनी जिम्मेवारीबाट बच्नः** ट्राफिक नियमको जानकारीले दण्ड रिवाना वा जेल सजायबाट बच्न सकिन्छ ।
- **अन्यलाई सचेत गराउन सकिन्छः-** यदि हामी जानकार छौं भने अरुलाई पनि ट्राफिक शिक्षा दिन सक्छौं ।
- **आपतकालिन अवस्थामा सहयोग गर्न सकिन्छः-** दुर्घटना भएमा कसरी एम्बुलेन्स बोलाउने, प्रहरीलाई खवर गर्ने र कसरी प्राथमिक उपचार दिने भन्ने थाहा हुन्छ ।

**सडक दुर्घटना वाट हुने क्षति तथा असरहरु:**

सडक दुर्घटना केवल एउटा सामान्य घटना होइन, यसले व्यक्ति, परिवार, समाज राष्ट्रलाई धेरै किसिमले असर पार्छ। जुन निम्नानुसार रहेका छन्;

- ✓ **भौतिक क्षति:-** सवारी साधन जस्तै गाडी , मोटरसाइकल,साकल आदि नष्ट वा बिग्रिनछन्।
- ✓ **मानविय क्षति:-**

➢ **मृत्यु-** धेरै सडक दुर्घटनामा मान्छेहरुको ज्यान जान्छ।

➢ **गम्भिर चोट, अपांगता:-** हात, खुट्टा, टाउको, आदि अंगहरुमा गम्भीर चोट लाग्न सक्छ।

➢ **मानसिक असर:-** पीडित वा उनिहरुका परिवारमा मानसिक तनाव,डर ट्रमा उत्पन्न हुन्छ।

➢ **दिर्घकालीन अपाङगता:-** स्थायी रुपमा अपाङ्ग हुनु सक्छ( हिँड्न नसक्ने, बोल्न नसक्ने आदि)।

- ✓ **आर्थिक असर:-**

❖ उपचार खर्च,

❖ सवारी साधनको क्षति,

❖ काम गर्न नसक्दा आयको स्रोत बन्द हुने,

❖ **बीमा खर्च तथा कानुनी मुद्दा:-** क्षतिपुर्ति दिनुपर्ने, बीमा नपाउने अवस्था आउन सक्छ।

- ✓ **सामाजिक असर:**
  - परिवारको भविष्यमा असर,
  - बालबालिका अनाथ बन्ने सम्भावना,
  - समाजना डर र असुरक्षा,
  - ट्राफिक जाम, अन्य यात्रुहरु प्रभावित हुने
- ✓ **राष्ट्रिय असर:**
  - **कामदारको अभाव-** सक्रिय जनशक्ति गुम्दा देशको उत्पादनशिलता घट्छ




  - **अत्याधिक स्वास्थ्य खर्च-** राष्ट्रले स्वास्थ्य उपचारमा ठूलो बजेट खर्च गर्नुपर्छ
  - **सार्वजनिक सेवामा असर-** सडक बन्द, ट्राफिक जाम, आपतकालीन सेवा प्रभावित हुन्छ।

**सडक दुर्घटना न्यूनिकरणमा हाम्रो भुमिका:**


✓ **निजि स्तरमाः**

- ट्राफिक नियमको पालना गर्ने,
- सुरक्षा उपकरणको प्रयोग गर्ने( हेलमेट, सीट बेल्ट),
- मादक पदार्थ तथा लागु औषध सेवन गरेर सवारी नचलाउने,
- ❖ ओभर स्पिड नगर्ने,
- ❖ मोबाइल फोनको प्रयोग गरी सवारी नचलाउने,
- ❖ सिट क्षमता तथा भारवहन क्षमता भन्दा बढि मानिस वा मालसामन नबोक्ने,
- ❖ झुण्डिएर तथा गाडीको छतमा चढेर यात्रा नगर्ने,
- ❖ सडकको अवस्था तथा मौसम बारेमा जानकारी लिने,
- ❖ ट्राफिक संकेत/चिन्हरुले दिएको निर्देशनको पालना गरौं,
- ❖ छाडा चौपाया, बिस्कुन सुकाउने जस्ता कार्य सडकमा नगरौं,
- ❖ साना नानिबाबुहरुलाई सडकमा एक्लै नछाडौं,
- ❖ सवारी साधनको नियमित चेकजाँच तथा आवश्यक सवारी साधन संग सग्लन कागजपत्रहरु साथमा राख्ने,
- ❖ ट्राफिक नियमको उल्लघनमा गर्व होइन् श्रम मान्ने गरौ आदि।

**सामुदायिक तथा सामाजिक स्तरमाः-**

- जनचेतना फैलाउनेः- पोस्टर, भाषण, सामाजिक सञ्जाल
- सडकमा दुर्घटना देखेमा एम्बुलेन्स वा प्रहरीलाई खवर गर्ने ,
- बालबालिकलाई ट्राफिक नियम सिकाउने
- दुर्घटना न्यूनीकरनका लागि सरकारलाई सुझाव दिने वा सडक सुधारको माग राख्ने

**निष्कर्षः** सडक दुर्घटना एक गम्भिर समस्या हो, जसले हरेक उमेर समुहका मानिसलाई असर गर्छ। यदि हामी सबैले नियम पालना गर्ने, सचेत हुने, र अरुलाई पनि चेतना दिने काम गर्यौं भने सडक दुर्घटनालाई उल्लेखनीय रुपमा घटाउन सकिन्छ। "सडक सुरक्षा सबैको लागि" भन्ने सोच विकास गर्नु आजको अवस्यकता हो ।


भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)

जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।

# न्याय प्रणालीमा सुधारको बहस




➢ ***रुपा अर्याल***

नेपालको न्याय प्रणालीलाई लोकतन्त्रको मेरुदण्ड भनेर व्याख्या गरिन्छ । न्यायले राज्य र नागरिकबीचको सम्बन्ध सन्तुलित राख्ने काम गर्छ । तर पछिल्ला वर्षहरूमा नेपालमा न्याय प्राप्तिको सवाल विवादास्पद बन्दै गएको छ। ढिलो न्याय, प्रभावशालीहरूको पकड, पारदर्शिताको कमी र आमनागरिकको पहुँच नहुने अवस्था आजको प्रमुख समस्या बनेको छ । त्यसैले प्रश्न उठेको छ— के नेपालको न्याय प्रणालीमा सुधार आवश्यक छ ? उत्तर स्पष्ट छ— हो, सुधार अपरिहार्य छ । नेपालको संविधानले स्वतन्त्र न्यायपालिकाको प्रत्याभूति दिएको छ । तर व्यवहारमा त्यो स्वतन्त्रता कति कायम छ भन्ने प्रश्न बारम्बार उठ्छ। न्यायालयमा नियुक्ति, सरुवा र पदोन्नतिको प्रक्रियामा राजनीतिक प्रभाव देखिन्छ। सर्वोच्च अदालतका न्यायाधीशदेखि जिल्ला अदालतसम्म राजनीतिक भागबण्डाको प्रभावले न्यायिक मर्यादा घटाएको अनेक उदाहरण छन् । नागरिकले न्याय पाउने अपेक्षा गर्ने ठाउँ नै विवादित बन्नु देशको लोकतान्त्रिक स्वास्थ्यका लागि चिन्ताजनक हो ।न्याय प्रणालीको अर्को गम्भीर समस्या भनेको ढिलासुस्ती हो । 'ढिलो न्याय अन्याय बराबर हो' भन्ने भनाइ नेपालमा सान्दर्भिक छ। मुद्दा दर्ता हुँदा दसकौंसम्म टुंगो नलाग्ने उदाहरण प्रशस्त छन्। साधारण नागरिकले न त मुद्दाको शुल्क तिर्न सक्छ, न त कानुनी प्रक्रियाको जटिलता बुझ्न । मुद्दा मिलाउन वकिल, नोटरी र अदालतबीच धाउनुपर्ने अवस्था हुँदा आमजनतामा न्यायप्रणालीप्रति विश्वास घट्दै गएको छ।नेपालमा न्यायिक पहुँच अझै पनि असमान छ । सहरमा बस्ने र कानुनी साक्षरता भएका व्यक्तिले केही हदसम्म न्याय पाउने अवसर पाउँछन् तर ग्रामीण भेगका गरिब, महिला, दलित तथा सीमान्तकृत समुदायका मानिसका लागि न्याय अझै पनि विलासिता जस्तै छ। नेपाल बार एसोसिएसनको अध्ययनअनुसार पनि देशका आधाभन्दा बढी नागरिकले कानुनी सहायता कहिल्यै नपाएको तथ्यले नै प्रणालीको असमानता देखाउँछ ।न्याय प्रणालीको विश्वास घटाउने अर्को कारण भनेको भ्रष्टाचार र पारदर्शिताको अभाव हो । अदालतका आदेशहरूमा पनि कहिलेकाहीँ प्रभावशाली व्यक्ति वा संगठनको दबाब परेको आशंका जनाइन्छ । कतिपय निर्णयहरूमा जनताले नै 'राजनीतिक निर्णय' भनेर टिप्पणी गर्ने अवस्था आएको

छ । न्यायाधीशहरूको आचरण, सम्पत्ति विवरण र स्वार्थको टकरावका मुद्दा बारम्बार सार्वजनिक हुँदै आएका छन् । यस्ता कारणले अदालतको विश्वसनीयता घट्दै गएको छ । सुधारका कुरा गर्दा न्यायिक संरचनाको पुनरावलोकन आवश्यक छ । पहिलो, न्यायाधीश नियुक्ति र मूल्यांकन प्रणालीलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नुपर्छ । न्यायपरिषद् पूर्णरूपमा स्वतन्त्र र पारदर्शी हुनुपर्छ । नियुक्तिमा योग्यता, अनुभव र इमानदारीलाई प्रमुख मापदण्ड बनाइने हो भने न्यायको गुणस्तर स्वतः बढ्नेछ । दोस्रो, अदालत प्रक्रियालाई डिजिटल र सरल बनाउनुपर्छ । नेपालमा अझै पनि धेरै अदालतहरूमा पुरानो फाइल प्रणाली प्रयोगमा छन् । मुद्दाको अवस्था हेर्न, पेसी मिति थाहा पाउन वा आदेशको प्रतिलिपि लिन नागरिकलाई साक्षात्कार गर्नुपर्ने अवस्था छ । यदि अदालतका सबै काम प्रविधिमै आधारित बनाइए (जस्तै : अनलाइन फाइलिङ, डिजिटल आदेश, भिडियो हेयरिङ) न्यायको गति तीव्र र पारदर्शी बन्नेछ । तेस्रो, कानुनी सहायता प्रणालीलाई बलियो बनाउनु जरुरी छ । गरिब र अशिक्षित वर्गका लागि निःशुल्क कानुनी परामर्श र वकिल उपलब्ध गराउने व्यवस्था प्रभावकारी बनाउन सकियो भने मात्र 'सबैका लागि समान न्याय' भन्ने संवैधानिक भावना पूरा हुन्छ । यो प्रयोजनका लागि संघीय र स्थानीय सरकारबीच सहकार्य आवश्यक छ । चौथो, न्यायाधीश र कानुन व्यवसायीको आचरण संहिता कडाइका साथ कार्यान्वयन हुनुपर्छ । इमानदारी र नैतिकताबिना न्याय प्रणाली टिक्दैन । न्यायिक निकायहरूमा नियमित मूल्यांकन, प्रशिक्षण र पारदर्शी निरीक्षण प्रणाली स्थापना गर्न जरुरी छ । पाँचौं, अदालतका निर्णय कार्यान्वयनमा आउने कमजोरी पनि सुधारको मुख्य विषय हो । नेपालमा धेरै मुद्दा फैसला भए पनि कार्यान्वयन हुँदैनन् । सरकारी निकायले अदालतको आदेशलाई बेवास्ता गर्ने, वा प्रशासनिक ढिलाइका कारण न्याय प्रभावकारी रूपमा लागू नहुने समस्या छ । न्याय केवल निर्णयमा होइन, त्यसको कार्यान्वयनमा पनि समान रूपमा महत्वपूर्ण हुन्छ । यी सुधारका साथै, जनचेतना र कानुनी शिक्षा विस्तार पनि अनिवार्य छ । विद्यालयदेखि विश्वविद्यालयसम्म कानुनी साक्षरताको पाठ्यक्रम समावेश गरिनुपर्छ । नागरिकलाई आफ्नो अधिकार र जिम्मेवारीबारे जानकारी हुँदा मात्र उनीहरूले अन्यायविरुद्ध आवाज उठाउन सक्छन् । न्यायप्रणाली बलियो हुनु भनेको केवल अदालत सशक्त हुनु होइन, नागरिक पनि सचेत हुनु हो । नेपालले लोकतान्त्रिक गणतन्त्रको यात्रा थालेको दसकौं भइसकेको छ । तर राजनीतिक प्रणाली परिवर्तन भए पनि न्याय प्रणाली पुरानो ढर्रामा अड्किएको छ । जबसम्म न्याय प्रणालीमा सुधार हुँदैन, तबसम्म शासन प्रणालीको विश्वसनीयता स्थापित हुन सक्दैन । निष्पक्ष, छिटो र पहुँचयोग्य न्याय नै सुशासनको आधार हो । भन्न सकिन्छ– नेपालको न्याय प्रणालीमा सुधार केवल चाहना होइन, बाध्यता हो ।

न्याय ढिलो भयो भने असमानता बढ्छ । न्याय निष्पक्ष भएन भने जनतामा असन्तोष बढ्छ । र जब न्याय प्रणाली कमजोर हुन्छ, तब राज्यको नैतिक अधिकार नै खस्किन्छ । त्यसैले, समयमै सुधार गरेर न्यायपालिकालाई पारदर्शी, स्वतन्त्र र जनमुखी बनाउन सके मात्रै नेपालले साँच्चै कानुनको शासनमा आधारित समाज निर्माण गर्न सक्छ ।